निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

निर्वाचन आयोग नेपाल २०२३

मिति २०७८।०१।२२

## प्रेस विज्ञप्ति

सम्वत् २०७८ साल जेठ ६ र १७ गते हुने राष्ट्रियसभा सदस्य उपनिर्वाचनको लागि राष्ट्रियसभा सदस्य निर्वाचन नियमावली, २०७६ र राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ बमोजिम उम्मेदवारले मनोनयन पत्र पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवारले देहाय बमोजिमका कागजातहरु संलग्न गरी उम्मेदवारको मनोनयन पत्र पेश गर्नु पर्नेछ । मनोनयनपत्रको ढाँचा राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ को अनुसूची -१३ मा रहेको छ । उक्त निर्देशिका आयोगको वेवसाइट www.election.gov.np मा समेत राखिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

उम्मेदवारले मनोनयनपत्र साथ पेश गर्नुपर्ने कागजातः

(क) उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) उम्मेदवारको कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(ग) निर्वाचन अधिकृतको कार्यालयमा रु. दश हजार रुपैयाँ धरौटी जम्मा गरेको रसीद वा भौचर,

तर महिला, दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ । साथै आर्थिक रुपमा विपन्न भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको सिफारिसपत्र संलग्न हुनु पर्नेछ ।

(घ) दलले आफ्नो दलको तर्फबाट उम्मेदवार मनोनयन गरेको औपचारिकपत्र,

(ङ) उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणितहुने निस्सा,


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

(च) उम्मेदवारी दिने अपाङ्गता भएको व्यक्तिले नेपाल सरकारको अधिकारप्राप्त निकायले दिएको अपाङ्गताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अल्पसङ्ख्यक समुदायको व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायले दिएको अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

(छ) प्रस्तावक र समर्थकको नाम, सम्बन्धित प्रदेशसभाका सदस्य वा सम्बन्धित प्रदेशभित्रको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख समावेश भएको निर्वाचक मण्डलको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण,

(ज) प्रस्तावक र समर्थकको मतदाता नम्बरः

(झ) उम्मेदवारको सम्पत्ति विवरण

(१) घर संख्याः

(२) घर रहेको स्थानः

(३) जग्गाको विवरण (जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं, कि.नं.,क्षेत्रफल)

(ञ) उम्मेदवारी दिंदा कुनै लाभको पद वा निर्वाचित पदमा वहालवाला पदाधिकारी भए निजले वहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा,

(ट) सम्वत् २०७४ सालको प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश भएका व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा बन्दसूचीबाट नाम फिर्ता लिएको आयोगको पत्रको प्रतिलिपि ।

०८८/१/२२

राजकुमार श्रेष्ठ

सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np